
## प्रदेश मन्त्रालयको संगठनात्मक संरचना




## हाल कार्यरत पदाधिकारीहरूको नामावली

| सि.नं. | श्रेणी/तह | सेवा | पदको नाम | कर्मचारीको नाम |
|---|---|---|---|---|
| १ | | | मन्त्री | मा. सुदर्शन बराल |
| २ | रा.प.प्र. | प्रशासन | प्रदेश सचिव | पुष्कर राज पन्त |
| ३ | रा.प.द्वि. | शिक्षा | उप सचिव | मित्रमणि खनाल |
| ४ | रा.प.द्वि. | शिक्षा | उप सचिव | हरिहर घिमिरे |
| ५ | नवौं तह | स्वास्थ्य | उप स्वास्थ्य प्रशासक | डा. उमाशंकर चौधरी |
| ६ | रा.प. तृतीय | प्रशासन | शाखा अधिकृत | लक्ष्मी शर्मा |
| ७ | रा.प. तृतीय | प्रशासन | शाखा अधिकृत | निरोज घिमिरे |
| ८ | | | स्वकीय सचिव (मा.मन्त्री) | यदु ज्ञवाली |
| ९ | रा.प. तृतीय | प्रशासन | लेखा अधिकृत | सुरेन्द्र पौडेल |
| १० | रा.प. तृतीय | शिक्षा | शाखा अधिकृत | मित्र प्रसाद गौतम |
| ११ | रा.प. तृतीय | शिक्षा | शाखा अधिकृत | वेगम के. सी. |
| १२ | रा.प. तृतीय | विविध | महिला विकास अधिकृत | प्रतिभा पन्थी |
| १३ | सातौं तह | स्वास्थ्य | स्वा.शि. अधिकृत | शैलेन्द्र कुमार पाण्डे |
| १४ | छैटौं तह | स्वास्थ्य | प.हे.न. | ललीसरा थापा |
| १५ | छैटौं तह | स्वास्थ्य | ज.स्वा.नि. | ओम प्रकास न्यौपाने |
| १६ | छैटौं तह | स्वास्थ्य | क.नि. | गणेश भट्टराई |
| १७ | छैटौं तह | स्वास्थ्य | प.नि.सु.नि. | नवराज कंडेल |
| १८ | रा.प.अनं प्रथम | प्रशासन | ना.सु. | कमल पन्थी |
| १९ | रा.प. अनं द्वि | प्रशासन | खरिदार | गंगा पन्थी पोखरेल |
| २० | रा.प.अनं द्वि | प्रशासन | खरिदार | गौरा गौतम |
| २१ | श्रेणी बिहीन | | का.स. | विष्णु प्रसाद भट्टराई |
| २२ | श्रेणी बिहीन | | ह.स.चा. | राम प्रसाद घिमिरे |
| २३ | श्रेणी बिहीन | | ह.स.चा. | मान बहादुर गुरुङ्ग |

## सामाजिक विकास मन्त्रालयः एक चिनारी



## प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

## प्रदेश नं. ५, बुटवल


फोन नं : ०७१-५५०६४६, ५५०६५०
इमेलः mosdfive@gmail.com
वेबसाइटः www.mosd.p5.gov.np

**मन्त्रालयको स्थापना:**

नेपालको संविधान २०७२ को धारा १७४ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. ५ प्रदेश मन्त्रीपरिषद्को मिति २०७४ फाल्गुन ०३ गतेको निर्णय अनुसार प्रदेश नं. ५ प्रदेश सरकार (कार्य विभाजन) नियमावली २०७४ अनुसूची १ बमोजिम स्थापना भएको ।

**प्रदेश मन्त्रालय अन्तर्गतका विषयगत क्षेत्रहरू:**

१. शिक्षा
२. स्वास्थ्य
३. महिला बालबालिका तथा जेष्ठ नागरिक
४. युवा तथा खेलकुद
५. श्रम तथा रोजगारी
६. भाषा तथा संस्कृति
७. सम्पदा संरक्षण

**प्रदेश मन्त्रालयका कार्य जिम्मेवारीहरू:**

१) प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन ।
२) शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन ।
३) प्रदेशस्तरमा पुस्ताकालय, संग्रहालय, अभिलेखालय सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन ।
४) प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम र छात्रवृत्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्य पुस्तक तथा पाठ्य सामाग्री निर्माण, उत्पादन र वितरण ।
५) प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन ।
६) प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन ।
७) माध्यमिक तहको परीक्षा व्यवस्थापन योजना, नियमन ।
८) प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन ।
९) स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन ।
१०) प्रदेशस्तरमा आवश्यक पर्ने प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन ।
११) स्वास्थ्य सेवा सम्बन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यवसायिक र पेसागत संघ संस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन ।
१२) प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन ।
१३) राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा संचय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम विसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको दर्ता, सञ्चालन, अनुमति र नियमन ।
१४) राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, सञ्चालन, अनुमति र नियमन ।
१५) खानेपानी, ध्वनी र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण, गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन ।
१६) प्रदेशस्तरीय स्वास्थ्य क्षेत्रको मानव स्रोत विकास र व्यवस्थापन ।
१७) औषधी निगरानी, औषधिको उचित प्रयोग र सुक्ष्म जीवनिरोधक प्रतिरोध (Antimicrobials Resistance) न्यूनीकरण ।
१८) खोप र परिवार नियोजन ।
१९) संवेदनशील औषधी तथा अन्य स्वास्थ्य सामग्री खरीद तथा आपूर्ति व्यवस्थापन ।
२०) प्रदेशस्तरीय स्वास्थ्य सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्वथापन, सूचना प्रवाह
२१) प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी व्यवस्थापन ।
२२) सूर्ति, मदिरा र लागु पदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन ।
२३) स्वास्थ्य क्षेत्रमा आपत्कालिन अवस्था, विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य प्रवाह, आपत्कालिन अवस्थाका लागि औषधिजन्य सामग्रीको प्रादेशिक बफर व्यवस्थापन ।
२४) सरुवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम
२५) राष्ट्रिय मापदण्ड अनुरुप स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन ।
२६) राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य विमा लगायत सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम व्यवस्थापन नियमन ।
२७) स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन ।
२८) आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्बन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन अनुगमन र नियमन ।
२९) प्रदेशस्तरको खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी प्रदेशिक, नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुलक निर्धारण, योजना, आयोजना कार्यान्वय तथा सञ्चालन संभार र नियमन ।
३०) खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी तथा मापदण्ड तर्जुमा, कार्यान्वय र नियमन ।
३१) सर्वसाधारणलाई स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी, सरसफाइ तथा स्वच्छतामा पिछडीएका वर्गको पहुँच सुनिश्चितता ।
३२) जनसंख्या, बसाइसराइ र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना सञ्चालन, क्षमता अभिवृद्धि र राष्ट्रिय संस्थाहरुसँगको सम्पर्क र समन्वय ।
३३) महिला हक सम्बन्धी प्रदेशस्तरको नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन नियमन ।
३४) प्रदेशस्तरमा जेष्ठ नागरीक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बालबालिका र महिला सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन ।
३५) लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र प्रतिबद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापन ।
३६) महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान
३७) लैगिक उत्तरदायी बजेट र लैङ्गिक परीक्षण ।
३८) बाल बालिकाको हकहीत संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रबन्ध र सेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनर्स्थापना ।
३९) समाजकल्याण र संघसंस्था सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन ।
४०) युवा सम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन ।
४१) खेलकुद सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकूद तथा खेलकूद पूर्वाधारको विकास र प्रवर्द्धन ।
४२) खेलकुद प्रशासन र संघसंस्थाको समन्वय र नियमन अनुमति ।
४३) राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता ।
४४) लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन ।
४५) सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको निर्माण तथा कार्यान्वयन कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा संघ संस्थासँग सर्म्पक, समन्वय र सहकार्य ।
४६) प्रदेशभित्र रोजगारी प्रवर्द्धन सम्बन्धी नीति, योजना, कार्यक्रम तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन र स्थानीय सरकारसँग समन्वय ।
४७) विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका स्थल सम्बन्धी ।
४८) भाषा, लिपि संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन ।
४९) ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं कला र वास्तु कलात्मक दृष्टिकोणले महत्व बोकेका प्रदेशकस्तरका दरवारहरुको संरक्षण, संम्भार, अध्ययन, अनुसन्धान, तथा व्यवस्थापन ।
५०) प्रदेशस्तरमा संग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन ।
५१) प्रदेशस्तरमा पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक साँस्कृतिक सम्पदा, प्राचिन स्मारक, संग्रहालय, साँस्कृतिक धरोहर सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा कार्यान्वयन र नियमन एवम् संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन तथा पुनर्निर्माण ।
५२) धर्म, परम्परा र गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन ।
५३) संस्कृतिको विकास सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन ।
५४) रोजगार प्रवर्द्धन सम्बन्धी प्रादेशिक नीति, कानूत तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन ।
५५) श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, कानून मापदण्ड र नियमन ।
५६) श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना ।
५७) औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण ।
५८) कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन ।